**प्राधिकरणको मिति २०७६।०९।२८ को निर्णय नं. ४२७६ सँग सम्वन्धित**

# दूरसञ्चार उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६

दूरसञ्चार सेवा प्रदायकहरुलाई उपकरण आयात तथा विदेशी मुद्रा सिफारिस गर्ने प्रक्रियालाई पारदर्शी र सरल बनाई उपकरण आयात तथा बिदेशी मुद्रा सटही सिफारिस सम्बन्धी विनियमावली बनाउन वान्छनीय भएकोले दूरसञ्चार ऐन, २०५३ को दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले देहायका विनियमहरु बनाएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो विनियमहरुको नाम "दूरसञ्चार उपकरण आयात तथा विदेशी मुद्रा सिफारिस सम्बन्धी (कार्यविधि) विनियमावली, २०७६" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः-

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनु पर्छ ।

(ख) "प्राधिकरण" भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल दूरसञ्चार प्राधिकरण सम्झनु पर्छ ।

(ग) "कार्यालय" भन्नाले प्राधिकरणको कार्यालय सम्झनु पर्छ ।

(घ) "अधिकारी" भन्नाले दूरसञ्चार ऐन बमोजिम अधिकार प्राप्त अध्यक्ष वा निजले ताकेको कर्मचारी सम्झनू पर्छ ।

(ङ) "अध्यक्ष" भन्नाले प्राधिकरणको अध्यक्ष सम्झनु पर्छ ।

(च) "उपकरण सिफारिस" भन्नाले प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकलाई दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि आवश्यक पर्ने दूरसञ्चार सेवासंग सम्बन्धित उपकरणहरुलाई आयात गर्नको लागि गरिने सिफारिस सम्झनु पर्छ ।

(छ) "विदेशी मुद्रा सिफारिस" भन्नाले दूरसञ्चार सेवा सञ्चालनको लागि दूरसञ्चारसँग सम्बन्धित विदेशी सेवा प्रदायक तथा आपूर्तिकर्तासंग सम्झौता गर्दा अनुमतिपत्र प्राप्त सेवा प्रदायकले भुक्तानी दिनु पर्ने विदेशी मुद्रा भुक्तानको लागि प्राधिकरणबाट गरिने सिफारिस सम्झनु पर्छ ।

(ज) "सेवा प्रदायक" भन्नाले यस प्राधिकरणबाट दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## उपकरण आयात सिफारिस

३. **उपकरण आयात सिफारिसः** (१) यस विनियमावली लागू भए पश्चात अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकहरुले सेवा सञ्चालन तथा विस्तार गर्न प्राधिकरणको सिफारिस बिना कुनै पनि दूरसञ्चार उपकरण (रेडियो तथा नन् रेडियो) आयात गर्न पाउने छैनन ।

(२) दूरसञ्चार सेवा सञ्चालन गर्नको लागि अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले दूरसञ्चार सेवाको विकास तथा विस्तार गर्नको लागि प्रयोग हुने देहाय बमोजिमका उपकरण आयातका लागि सिफारिस गरिनेछ ।

(क) रेडियो दूरसञ्चारका मुख्य (कोर) उपकरणहरू (जस्तैः जि.एस.एम, सि.डि.एम.ए, थ्रिजि, वाईम्याक्स, फोर जि, फाइभ जि आदि) ।

(ख) माईक्रोवेभ उपकरणहरू ।

(ग) ग्राहकको घर कम्पाउण्ड भित्र प्रयोग हुने उपकरण (कस्टमर प्रिमिसेस उपकरण) ।

(घ) स्याटेलाइट उपकरणहरु ।

(ङ) दूरसञ्चारका सक्रिय पूर्वाधार तथा प्यासिभ पूर्वाधारसँग सम्बन्धित उपकरणहरू ।

(च) प्राधिकरणबाट स्तर स्वीकृत हुनुपर्ने रेडियो टर्मिनल उपकरणहरु ।

(छ) अन्य रेडियो दूरसञ्चार उपकरणहरू ।

(ज) अन्य नन् रेडियो दूरसञ्चार उपकरणहरु जस्तैः (पि.एस.टि.एन, ओ.एफ.सी, स्वीचेज आदि) ।

(झ) दूरसञ्चार उपकरणसँग सम्बन्धित स्पेयर पार्टसहरु ।

(३) नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले विदेशी उत्पादक/आपूर्तिकर्ताहरुसँग सम्झौता गरी आयात गरिने उपविनियम (२) मा उल्लेखित उपकरणहरु आयातको लागि प्राधिकरणबाट देहाय बमोजिमको प्रक्रिया अपनाई सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(क) दूरसञ्चार सेवा प्रदायकहरुले दूरसञ्चार सम्बन्धी उपकरणहरु आयात गर्नको लागि नेपाल सरकारको सम्बन्धित निकायमा आयात सिफारिस गरिदिन अनुसूची-१ मा उल्लेख गरिएको ढाँचामा सम्पूर्ण विवरणहरुको पुष्ट्याई गर्ने कागजात सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम निवेदन पेश गर्दा सेवा प्रदायकले आयात गर्ने दूरसञ्चार उपकरणहरुको सन्दर्भमा निर्माता वा निर्यात कम्पनिसँग भएको सम्झौता, उपकरणको विस्तृत प्राविधिक विवरण, फ्रिक्वेन्सी विवरण लगायतका सम्पूर्ण विवरणहरु खुलाई पेश गर्नु पर्नेछ ।

(ग) दूरसञ्चार सेवा प्रदायकबाट उक्त निवेदन प्राप्त भएपछि प्राधिकरणको अधिकार प्राप्त अधिकारीबाट निवेदनमा उल्लेखित विवरण र प्राप्त कागजातहरु अध्ययन तथा जाँच गरी आबश्यक परेमा थप कागजात माग गर्न सक्नेछ ।

(घ) सम्झौता बमोजिम निःशुल्क (एफ.ओ.सी) मा आयात गर्न लागेको दूरसञ्चार उपकरण आयात सिफारिशको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट प्राप्त पूर्व स्वीकृति पत्र समेत संलग्न गरी आयातको लागि सिफारिश माग गर्नुपर्नेछ ।

(ङ) माथि उल्लिखित विवरणहरु प्राप्त भएपछि देहाय बमोजिमका विषयहरु अध्ययन गरी उपकरण आयात गर्न उपयुक्त देखिएमा दूरसञ्चार उपकरण आयातको लागि सम्बन्धित निकायमा पत्राचार गरिदिनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिस गरिनेछ ।

(१) सेवा प्रदायकलाई प्रदान गरिएको अनुमतिपत्रका शर्तहरु,

(२) रेडियो उपकरणको हकमा प्राधिकरणबाट प्रदान गरिएको स्वीकृत फ्रिक्वेन्सी,

(३) उपकरणको स्तर आई.टि.यु तथा इ.टि.एस.आई वा सो बराबरको उपकरण हो होइन,

(४) इलेक्ट्रोनिक रेडियसन तोकिएको भन्दा बढी छ छैन,

(५) इन्टरफेस र इन्टरअपरेटाविलिटी सम्बन्धी विषय (Interface and Interoperability issues),

(६) रेडियो उपकरणको अधिकतम पावर लेभल,

(७) रेडियो उपकरणको विकिरण लेभल प्राधिकरणले तोकेको मापदण्ड भित्र रहेको प्रतिबद्धता सम्बन्धी स्वघोषणा ।

(८) उपकरणसँग सम्बन्धित आबश्यक अन्य बिषय ।

(ङ) आयात गर्न सिफारिस माग गरिएको उपकरणहरुको विस्तृत विवरणहरु सहितको अभिलेख सेवा प्रदायकले तयार गरी अद्यावधिक गर्नुपर्नेछ र सो विवरणहरु प्राधिकरणले जुनसुकै बेलामा जाँच गर्न सक्नेछ र यसरी जाँच गर्दा सो अद्यावधिक भएको नपाईएमा नियमानुसार कारवाही गरिनेछ ।

(च) सेवा प्रदायकले दूरसञ्चार टावर निर्माण तथा सञ्चालन गर्दा मानव स्वास्थ, सुरक्षा तथा वातावरण प्रतिकुल असर नपर्ने गरी प्राधिकरणले तोकिदिएको मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(छ) अप्टिकल फाइवर सम्बन्धी उपकरण आयात सिफारिशको लागि प्राधिकरणले निर्धारण गरेको मापदण्ड तथा निर्देशन समेत पालना गर्नुपर्नेछ ।

(ज) दूरसञ्चार उपकरण आयात सिफारिस गर्ने क्रममा प्राधिकरणले आबश्यकता अनुसार थप शर्तहरू तोक्न सक्नेछ र यसरी तोकिएका शर्तहरु पालना गर्नु सम्बन्धित दूरसञ्चार सेवा प्रदायकको कर्तव्य हुनेछ ।

## परिच्छेद–३
## विदेशी मुद्रा सिफारिस

४. **विदेशी मुद्रा सटही सिफारिस:** (१) दूरसञ्चार सेवा प्रदायकले विदेशी संस्थाहरुलाई सम्झौता बमोजिमको विदेशी मुद्रा भुक्तानी गर्न अनुसूची-२ को ढाँचामा विवरण भरी सोको पुष्ट्याई गर्ने आवश्यक कागजात सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ।

(२) प्राधिकरणबाट अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकले विदेश स्थित सेवा प्रदायक तथा आपूर्तिकर्तालाई देहाय बमोजिमका सेवाहरु लिए/प्राप्त गरे वापत सम्झौता बमोजिमको विदेशी मुद्रा भुक्तानीका लागि दूरसञ्चार ऐन, २०५३ को दफा ३५ (३) बमोजिम सिफारिस गरिनेछ ।

(क) ब्याण्डविथ खरिद,

(ख) सफ्टवेयर खरिद, जडान, मर्मत सम्भार

(ग) दूरसञ्चार सम्बन्धी ट्राफिक कल आदान प्रदान,

(घ) उपकरणहरु जडान तथा मर्मत सम्भार,

(ङ) दूरसञ्चारसँग सम्बन्धित तालिमहरु,

(च) दूरसञ्चार सेवामा प्रयोग गरिने/हुने मूल्यदेय सेवाहरु,

(छ) दूरसञ्चार सेवा प्रदायकको सम्पत्तिको मूल्याङ्कन,

(ज) दूरसञ्चार सेवासँग सम्बन्धित परामर्श सेवाहरु ।

(३) यस विनियमवालीमा अन्यथा जे सुकै लेखिएको भएतापनि उपविनियम (२) को खण्ड (ङ) (छ) र (ज) संग सम्बन्धित विषयको सेवा लिदा नेपालमा सो सेवा उपलव्ध हुन नसक्ने भए *कारण खुलाउनु पर्नेछ ।

*प्राधिकरणको मिति २०७८।०५।०४ को निर्णयबाट संशोधन ।

(४) उप विनियम (२) बमोजिमको सेवा प्राप्त गरे वापत विदेशी मुद्रा भुक्तानीको लागि देहाय बमोजिमको प्रकृया अपनाई सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(क) दूरसञ्चार सेवा प्रदायकले विदेशी मुद्रा भुक्तानीको लागि सो सेवा प्राप्त गरे पश्चात प्राधिकरण समक्ष सिफारिसको लागि निवेदन पेश गर्नुपर्नेछ ।

(ख) दूरसञ्चार सेवा प्रदायकबाट खण्ड (क) बमोजिम निवेदन प्राप्त भएपछि निवेदन साथ प्राप्त कागजातहरु जाँच गरी आबश्यक देखेमा थप कागजात एवं पुष्ट्याई हुने विवरण माग गर्न सक्नेछ ।

(ग) विदेशी मुद्रा भुक्तानीको लागि सिफारिस माग गर्ने सेवा प्रदायकले कम्पनी रजिष्ट्रार कार्यालयबाट कम्पनी अद्यावधिक पत्र पेश गर्नुपर्नेछ ।

(घ) विदेशी मुद्रा भुक्तानीको लागि सिफारिस माग गर्ने सेवा प्रदायकले नियमानुसार बुझाउनु पर्ने फ्रिक्वेन्सी दस्तुर, रोयल्टी तथा ग्रामीण दूरसञ्चार विकास कोष लगायतका दस्तुर बुझाएको हुनु पर्नेछ ।

(ङ) मूल्यदेय सेवाको हकमा प्राधिकरणबाट शुल्क स्वीकृत गराए पश्चात मात्र भुक्तानीका लागि सिफारिश माग गर्नु पर्नेछ ।

(च) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा यसको सम्पूर्ण जिम्मेवारी लिने स्वघोषणा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४

## अनुगमन/निरीक्षण तथा अभिलेख

**५. उपकरण आयातको अनुगमन तथा निरीक्षणः** (१) दूरसञ्चार उपकरण आयातको लागि प्राधिकरणबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सिफारिश भई सेवा प्रदायकहरुले नियमानुसार उपकरण आयात गरे पश्चात प्राधिकरणले आयातीत दूरसञ्चार उपकरणहरुको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) सम्बन्धित सेवा प्रदायकले प्राधिकरणबाट अनुगमन तथा निरीक्षण गर्दा माग भएको विवरण, सूचना तथा जानकारी उपलब्ध गराउनु पर्नेछ ।

**६. सटही सुविधाको अनुगमन तथा निरीक्षणः** (१) अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले विदेशी सेवा प्रदायक तथा आपूर्तिकर्तासंग सम्झौता बमोजिमको विदेशी मुद्रा भुक्तानीको लागि सिफारिस माग गरे पश्चात प्राधिकरणले सम्झौता बमोजिम सेवा लिए नलिएको सम्बन्धमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

(२) प्राधिकरणबाट अनुगमन तथा निरीक्षण गर्दा माग भएको विवरण तथा सूचना एवं जानकारी सम्बन्धित सेवा प्रदायकले निरीक्षण टोलीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) ब्याण्डविथको हकमा एक पटक अनुगमन तथा निरीक्षण गरे पश्चात् नियमित रुपमा विदेशी मुद्रा भुक्तानीको लागि सिफारिस गर्दा ब्याण्डविथ खरिदको परिमाणमा थपघट हुन आएमा मात्र पुनः अनुगमन तथा निरीक्षण गरिनेछ।

(४) उपविनियम (३) वाहेकको सेवाको हकमा निरन्तर रुपमा सेवा लिईरहेको भए सो वापत विदेशी मुद्रा भुक्तानीको लागि सिफारिश गर्दा सम्झौता बमोजिम गरिनेछ । सम्झौतामा संशोधन तथा नवीकरण भएमा पुनः अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

* (४क) विनियम ४ को उपविनियम (२) को खण्ड (ङ), (छ) र (ज) बमोजिमका सेवाहरुको हकमा अनुगमन गर्न नपर्ने ।

(५) माथि जुनसुकै व्यहोरा उल्लेख भएतापनि प्राधिकरणले आबश्यक देखेमा विदेशी सेवा प्रदायक तथा आपूर्तिकर्तासँग सम्झौता गरी लिएको सेवासँग सम्बन्धित विषयमा जुनसुकै समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ।

**७. <u>अभिलेख राख्नु पर्नेः</u>** (१) विदेशी मुद्रा भुक्तानीको लागि सिफारिस माग गरिएको सेवाहरुको विस्तृत विवरणहरु लगायत भुक्तानीको लागि प्राधिकरणबाट सिफारिश गरिएको विदेशी मुद्रा बमोजिम भुक्तानी भए नभएको स्पष्ट विवरण खुलाई सोको अभिलेख सेवा प्रदायकले अद्यावधिक गरी राख्नु पर्नेछ।

(२) सेवा प्रदायकले प्राधिकरणवाट सिफारिस गरे बमोजिमको दूरसञ्चार उपकरणहरु आयात गरेको स्पष्ट विवरण सहितको अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) सेवा प्रदायकले आयात गरेको उपकरणको अभिलेख तयार गर्दा उपकरणको नाम, आयात गरेको मिति, किसिम, परिमाण, मूल्य, प्रविधि, उत्पादक कम्पनीको नाम, उत्पादन मिति, गुणस्तर, प्रयोग हुने स्थान, जडान मिति सहितको विवरण तयार गरी अद्याछवधिक गर्नुपर्नेछ ।

(४) उपविनियम (१) (२) र (३) बमोजिम सेवा प्रदायकले राखेको अभिलेख प्राधिकरणले कुनै पनि समयमा निरीक्षण गर्न सक्नेछ र सो विवरण अद्यावधिक गरेको नपाईएमा प्राधिकरणले आवश्यक कारवाही गर्न सक्नेछ ।

*प्राधिकरणको मिति २०७८।०५।०४ को निर्णयबाट थप ।

## परिच्छेद–५

## विविध

८. **सिफारिस गर्नुपर्ने समयावधिः** प्राधिकरणबाट अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुले विनियमावली अनुसारको उपकरण आयात वा सम्झौता गरी विदेशी मुद्रा सिफारिसको लागि माग गर्दा सम्पूर्ण विवरण प्राप्त भए पछि विवरण प्राप्त भएको मितिले सामान्यतया एक महिनाभित्र प्राधिकरणले सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ ।

९. **निर्णय गर्ने अधिकारीः** दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्तिलाई आवश्यक पर्ने उपकरणहरु विदेशबाट आयात गर्न तथा दूरसञ्चार सेवा सञ्चालनको लागि सम्बन्धित विदेशी सेवा प्रदायक तथा आपूर्तिकर्तासँग सम्झौता गरी विदेशी मुद्रा भुक्तानी गर्नको लागि सिफारिश गर्ने अधिकार प्राधिकरणको अध्यक्षलाई हुनेछ र अध्यक्षले आवश्यकता अनुसार सो अधिकार सम्बन्धित निर्देशनालय प्रमुख वा महाशाखा प्रमुखलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१०. **गोपनीयता कायम गर्नुपर्नेः** सेवा प्रदायकले उपकरण आयात गर्ने सिलसिलामा वा दूरसञ्चारसँग सम्बन्धित विदेशी सेवा प्रदायक तथा आपूर्तिकर्तासँग सम्झौता गरी सेवा प्राप्त गर्नको लागि प्रधिकरणमा पेश गरिएका कागजातहरू सेवा प्रदायकको एक आपसको व्यावसायिक गोपनीयताको विषय हुने भएकोले प्राधिकरणबाट त्यस्ता गोप्य कागजातहरुको गोपनीयता कायम हुने गरी उचित तवरले व्यवस्थापन गरिनेछ ।

११. **दूरसञ्चार सेवा प्रदायकको जिम्मेबारीः** प्राधिकरणबाट अनुमतिपत्र प्राप्त गरेको सेवा प्रदायकले विदेशी मुद्रा भुक्तानीको लागि तथा दूरसञ्चार उपकरणहरु आयात सिफारिस माग गर्दा प्राधिकरणमा पेश गरिएका सम्पूर्ण कागजातहरुको आधिकारिकताको जिम्मेवारी सेवा प्रदायक स्वयंको हुनेछ र सेवा प्रदायकले पेश गरेका कागजातहरु झुट्टा ठहरिएमा सोको जिम्मेवारी समेत सम्बन्धित सेवा प्रदायकको हुनेछ ।

१२. **बाधा अड्काउ फुकाउनेः** यस विनियमावलीको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आईपरेमा सोको व्याख्या गर्ने अधिकार प्राधिकरणलाई हुनेछ ।

१३. **अन्यः** विदेशी मुद्रा भुक्तानी गर्ने सन्दर्भमा दूरसञ्चार सेवा प्रदायकले प्रचलित कानून एवं प्राधिकरणको निर्देशनको पालना गर्नुपर्नेछ ।

# अनुसूची-१

**विनियम ३ को उपविनियम ३ (क) संग सम्वन्धित**

**(दूरसञ्चार सेवा प्रदायकहरुले उपकरण आयात सिफारिस माग गर्दा पेश गर्नुपर्ने विवरण)**

१. सेवा प्रदायकको नामः

२. अनुमतिपत्रको किसिमः

३. अनुमतिपत्र नं.:

४. अनुमतिपत्र प्राप्त मितिः

५. अनुमतिपत्र नवीकरण मितिः

६. (क) प्रोफर्मा इन्भ्वाईस नं.: ............. मितिः ............. रकमः........................

वा

(ख) कमर्सियल इन्भ्वाईस नं. : मितिः............ रकमः........................

७. बिल अफ क्वान्टिटी) :

८. उपकरण आयात गर्ने भन्सार नाका :

९. उपकरण आयात गर्नु पर्नाको प्रयोजन/उद्देश्य :

१०. आयात गर्न लागेको दूरसञ्चार उपकरणको गुणस्तरः

११. सेवा प्रदायकले निवेदनसाथ पेश गर्नु पर्ने थप कागजातहरुः

(क) उपकरणको विस्तृत प्राविधिक विवरण (ख) उपकरण निर्माता/निर्यात कम्पनी र सेवा प्रदायक बीच भएको सम्झौताको प्रतिलिपि ।

(ग) रेडियो नन रेडियो उपकरण छुट्टिने विवरणहरु ।

(घ) नेटवर्क डायग्राम सम्बन्धी विवरण ।

(ङ) रेडियो उपकरणको हकमा,

- फ्रिक्वेन्सी योजना अनुसारको सिष्टम फ्रिक्वेन्सी सम्बन्धी विवरण,
- माईक्रोवेभ लिंक उपकरण विवरण,
- भिस्याट उपकरणको विवरण,

(च) रेडियो उपकरणको हकमा उल्लिखित उपकरण जडान/सञ्चालन गर्दा अधिकतम उत्सृजित विकिरणको बारेमा प्राधिकरणले तोकेको मापदण्ड पूरा गरेको ढाँचामा प्रतिबद्धता ।

(छ) उपकरण निर्माता कम्पनीले उल्लिखित उपकरण अन्तर्राष्ट्रिय मापदण्ड आ.टि.यु./आ.इ.इ.इ./इ.टि.एस.आई. आदि बमोजिम भएको भनि स्वघोषणा ।

(ज) दूरसञ्चार उपकरण जडान/सञ्चालन गर्दा वातावरणमा पर्न सक्ने प्रभाव सम्बन्धी विवरण ।

(झ) उल्लिखित उपकरणको आयु सकिएपछि वा मर्मत संभार नहुने गरी बिग्रिएपछि उक्त उपकरणले वातावरण तथा जनस्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी विद्युत फोहर व्यवस्थापन के कसरी गर्ने सो सम्बन्धी विवरण ।

(ञ) रेडियो उपकरण/एन्टेना प्रयोग गर्दा प्रयोग हुने संरचना/टावर सम्बन्धी विवरण (अधिकतम उचाई बनावट, प्राविधिक विवरण आदी) ।

(ट) अप्टिकल फाईबर सम्बन्धी उपकरणको विवरण ।

(ठ) आवश्यक अन्य विवरण भए सो समेत ।

माथि उल्लेखित विवरण सही छ भनी पेश गर्ने सम्बन्धित कार्यालयबाट अधिकार प्राप्त व्यक्तिको:

नाम: कार्यालयको छाप:

पद: संस्था/कार्यालयको नाम:

दस्तखत:

मिति:

अनुसूची-१.१

# System Frequency Details

| Site No. | Site Name, and address | Geographical coordinate | | height of ground above mean sea level [m] | Antenna height above the ground [m] | Polarization | Azimuth | Tilt | Antenna gain(dB) | Transmitted Power(dBm) | Sectors/ No of carriers | Carrier Frequencies | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Lattitude | Longitude | | | | | | | | | Tx(MHz) | Rx(MHz) |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

अनुसूची-१.२

# MicroWave  Link Transmission Network Details

| MW station number | MW station name (address) | Geographical coordinates | | Distance [km] | Azimuth [deg] | Model of Radios | Protection Type | Frequency [MHz] | | Polarization | Antenna diameter [m] | Antenna gain [dB] | Transmitted power [dBm] | Bandwidth [MHz] | Antenna height above the ground [m] | Approval Date From NTA |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Latitude | Longitude | | | | | Tx | Rx | | | | | | | |
| | station1 | | | | | | | | | | | | | | | |
| | station2 | | | | | | | | | | | | | | | |
| | station1 | ... | | | | | | | | | | | | | | |
| | station2 | | | | | | | | | | | | | | | |

अनुसूची-१.३

# VSAT Details of in C/ Ku Band

| S.No | ID | **Location** | | | | System | **Operational Date** | purpose | **Carrier frequencies** | | Bandwidth | Modulation Technique | **Data Rate ( Kbps or Mbps)** | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | District | VDC | Latitude | Longitude | | | ( e.g Telephone /Internet /Celullar/ Backhaul) | Uplink (MHz) | Downlink (MHz) | (in KHz or MHz) | | | |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |

अनुसूची-१.४

**Template of Self-Commitment of Operator Regarding Compliance of Electromagnetic Radiation Standard**

**(Letter Head of Operator)**

## Self-Commitment of Operator Regarding Compliance of Electromagnetic Radiation Standard

We [ Name of Operator], [address] declares that the proposed equipment and installation sites for the proposed equipment are designed to be in full compliance, when operational, with the requirements of radio frequency (RF) public exposures Procedures and Standards of the International Commission on Non-Ionizing Radiation Protection (ICNIRP) on the limitation of exposure of the general public to electromagnetic fields (0 Hz to 300 GHz) as given below. When determining compliance the emissions from all mobile phone network operators on the site are taken into accounts.

**ICNIRP Radiation Standards**

| Frequency Range | ICNIRP radiations Norms(W/sq.m) |
|---|---|
| 400-2000 MHz | f/200 |
| 2-300GHz | 10 |

…………………………

[Name]

[Designation]

Date: […………………….]

Company Seal

अनुसूची-१.५

**Template of Declaration of Conformity of Manufacturer in Relation to Compliance of International Standard**

**(Letter Head of Manufacturer/authorized representativeof Manufacturer)**

## Declaration of Conformity of Manufacturer in Relation to Compliance of International Standard

We [ Name of Manufacturer or his authorized representative], [address] declare that the product [Model] [ Trade Name] [versions] [ Supplementary Characteristics] conforms with the relevant standards or other standardizing documents [titles, dates of publication of document mentioned] according to the regulations in [if applicable : directives, main regulations] and complies the obligations for the Manufacturer specified by the NTA.

I/We declare that all information submitted to NTA is true for the purpose of this Declaration of Conformity, and am/are aware that there are penalties for furnishing false information.

…………………………

[Name]

[Designation]

Date: […………………….]

Company Seal

अनुसूची-१.६

**Form A: Brief OFC Cable route information**

| S.No. | Ro ute | OFC cable code | Start point | End point | Distance (km) | Cable Route Type Cable route Type: Aerial, Underground Duct, Underground Direct. | Districts Covered (Major route of the cable with place information) |
|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | |
| 2 | | | | | | | |
| 3 | | | | | | | |

**Form B: Detailed OFC Cable routenformation Eg: Cable Code: NDCL-KTM-POK-001 (Taken from form A)**

| S.No. | Cable segment | Cable code | Start point | End point | Distance (m) | Cable type / No. of core | Cable Duct type / number | Cable route (Side/distance from center(m)/ depth (cm) | Bridg e provi sion | Culvert provision | Landslid e provision | River provisi on | Aerial provisi on (if, any) | Rem arks(Primary) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | |

<u>**अनुसूची-२**</u>

<u>**विनियम ४(१) संग सम्वन्धित**</u>

<u>**विदेशी मुद्रा सिफारिस माग गर्दा सेवा प्रदायकहरुले पेश गर्नुपर्ने विवरण**</u>

१. सम्झौता गरी काम गर्नुपर्ने विषयको विवरण:

२. सम्झौताको प्रतिलिपि (नोटरीबाट प्रमाणित प्रतिलिपि):

३. सम्झौता बमोजिमको कार्य/सेवा स्वदेशी संस्थाबाट प्राप्त हुन नसक्नुको कारण:

४. सम्झौता बमोजिमको कार्य/सेवा स्वदेशी संस्थाबाटै प्राप्त गर्ने प्रयास भए /नभएको र सो को प्रमाण/विवरण:

५. कुन संस्थासंग सम्झौता भएको हो ? (नाम, ठेगाना, इमेल, वेभसाईट सहितको विवरण):

६. सम्झौता बमोजिमको सेवा प्रदान/कार्य गर्न सम्झौता गरिएको संस्थाको नाममा सम्बन्धित देशको आधिकारिक संस्थाबाट जारी भएको आधिकारिक पत्र (नोटरीबाट प्रमाणित प्रतिलिपि):

७. सम्झौता गरिएको संस्थाको सम्बन्धित देशमा दर्ता भएको प्रमाणपत्र (नोटरीबाट प्रमाणित प्रतिलिपि):

८. सम्झौता मिति :

९. नवीकरण मिति:

१०. बहाल रहने मिति:

११. सम्झौता अनुसार विदेशी मुद्रा भुक्तानी हुने विधि (मासिक, त्रैमासिक, चौमासिक आदि):

१२. सम्झौता वा नवीकरण भए बमोजिमको कुल रकम:

१३. हालसम्म भुक्तानी भएको विदेशी मुद्रा:

१४. हाल भुक्तानी दिनुपर्ने विदेशी मुद्रा:

१५. भुक्तानी हुन बाँकी विदेशी मुद्राको विवरण:

१६. हाल माग गरेको रकमको इन्भ्वाईस नं. र मिति:

१७. भुक्तानी माग गरिएको अवधि (कुन मिति देखि कहिले सम्म):

१८. सम्झौता बमोजिमको सेवा/कार्यका सम्बन्धमा प्राधिकरणबाट अनुगमन भएको मिति:

१९. पेश भएको सम्झौता बमोजिम यस अघि विदेशी मुद्रा सिफारिस भई सकेको भए निम्न थप विवरण पेश गर्नुपर्ने :

   (क) नेपाल राष्ट्र बैंकको विदेशी मुद्रा भुक्तानी सम्बन्धी सिफारिस पत्र:

   (ख) अग्रिम आयकर कट्टि गरेको भौचरको प्रतिलिपि:

(ग) सम्झौता बमोजिमको सम्बन्धित संस्थालाई विदेशी मुद्रा भुक्तानी गरेको बैंकको निस्साको प्रतिलिपि:

२०. सम्झौता अनुसार अन्य थप केही कागजात पेश गर्नुपर्ने भए सो को विवरण (जस्तै एफ.ए.सी., पि.ए.सी., पि.ओ. आदि):

माथि उल्लेखित विवरण सही छ भनी पेश गर्ने सम्बन्धित कार्यालयबाट अधिकार प्राप्त व्यक्तिको:

नाम दस्तखत: कार्यालयको छाप:

पद: मिति: संस्था/कार्यालयको नाम: